

## खाद्य तथा कृषिका लागि वानस्पतिक आनुवंशिक स्रोतसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिमा उल्लेखित

# बहुपक्षीय पद्धती, कृषक अधिकार र पहुँच तथा लाभको बाँडफाँड

LI-BIRD NARC MoAD Bioversity International



पृथ्वीमा रहेका सम्पूर्ण प्राणी (जलचर, थलचर), वनस्पति र सूक्ष्म जीवाणु (ब्याक्टेरिया, भाइरस र फन्जाइ) जस्ता जीवहरूका किसिम, आकारप्रकार र गुणको भिन्नतालाई जैविक विविधताले समेट्दछ । जैविक विविधताअन्तर्गतको एक महत्त्वपूर्ण अङ्ग कृषि जैविक विविधताको संरक्षण, प्रवर्धन, निरन्तरता र दिगो उपयोगमा कृषकहरूको अह्म भूमिका रहँदै आएको छ ।

कृषिमा आधुनिकीकरण तथा व्यावसायीकरणका क्रममा पनि कृषकहरूद्वारा परम्परागत खेती प्रणालीलाई नै आधार मानी खाद्यबाली लगायत अन्य कृषि जैविक विविधतासम्बन्धी थप विभिन्न ज्ञान, सीप र प्रविधिको विकास गर्दै सदुपयोग तथा संरक्षण हुँदै आएका छन् । आफ्नो जीविकोपार्जनलाई टेवा दिने गरी कृषक–कृषकबीच हुने बीउ–उपयोग, पुनःप्रयोग, छनौंट, जर्गेना तथा साटासाट जस्ता अभ्यासहरूका कारण नयाँ जातको विकासमा सहयोग पुग्दै आएको छ । फलस्वरूप जानेर होस् वा अन्जानमा कृषकहरूद्वारा बढी उत्पादन दिने, रोग तथा मौसमी हानि नोक्सानीसँग लड्न सक्ने क्षमता भएका विभिन्न जातहरूको विकास हुँदै आएको छ । केही कृषक समुदायहरू त लोपोन्मुख बालीका जातहरूको पनि संरक्षण र प्रवर्धनमा लागिपरेको पनि पाइन्छ । यसरी हेर्दा कृषि जैविक विविधताको संरक्षण र यसको दिगो विकासमा कृषकको उल्लेखनीय भूमिका रहेको देखिन्छ । यसका बावजुद कृषक र कृषक अधिकारका बारेमा उल्लेखनीय चर्चा–परिचर्चा अन्तर्राष्ट्रिय जगतमा नै एकदम कम हुने गरेको छ ।

सन् १९९२ (विक्रम संवत् २०४९) अघिसम्मको परिवेश हेर्ने हो भने बीउबिजनको आदानप्रदान खुल्ला रूपमा निःशुल्क हुने गरेको पाइन्छ । कृषि आनुवंशिक स्रोतहरू राष्ट्रका सम्पत्ति हुन् र निःशुल्क पहुँचमा रोक लगाउनु उपयुक्त रहन्छ भन्ने सोचका साथ विक्रम संवत् २०४९ मा जैविक विविधता महासन्धिको स्थापना भयो । जसअन्तर्गत कृषक–कृषकबीच हुने बीउबिजनको खुल्ला तथा निःशुल्क आदानप्रदानमा असहज परिस्थिति उत्पन्न हुन गयो । बीउबिजनको आदानप्रदानमा देखिएको यस्तो असहज परिस्थितिले गर्दा कृषकको अधिकारमा नकारात्मक प्रभाव परेको हुन सक्ने निर्क्योलका आवाजहरू पटक–पटक धेरै ठाउँहरूमा उठे । कृषि आनुवंशिक स्रोतहरूमा सहज तरिकाले पहुँच नदिने हो भने विश्वमा नै खाद्यसुरक्षा सङ्कटमा पर्न सक्छ किनकि खाद्यबाली विविधतामा कुनै पनि राष्ट्र आफूमा निर्भर छैनन् र सबै राष्ट्रहरू यसका लागि अन्य राष्ट्रहरू तथा अन्य क्षेत्रहरूमा भर पर्दछन् भन्ने कुरामा पनि सहमतिहरू जुट्दै जान थाले । त्यसैले केही निश्चित बालीहरूमा रोक नलगाईकन सबैको पहुँचमा राख्नपर्ने कुरा सबै पक्षबाट मनन गरियो । फलस्वरूप सात वर्षको अथक प्रयासपछि विक्रम



**कृषकहरू आफैले स्थानीय कृषि जैविक विविधता तथा रैथाने बीउहरूको संरक्षण व्यक्तिगत रूपमा पनि गर्न सक्दछन् ।**

संवत् २०५८ मा खाद्य तथा कृषिका लागि वानस्पतिक आनुवंशिक स्रोतसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिको स्थापना भयो यसमा यसअघि खासै वहस र चर्चामा नआएका बहुपक्षीय पद्धति र यसको क्षेत्राधिकार, कृषि जैविक विविधतामा कृषकको अधिकार र पहुँच तथा लाभको बाँडफाँडसम्वन्धी विशेष व्यवस्था गरिएको छ । यस सन्धिका मुख्य लक्ष्यहरूमा (क) सांसरिक खाद्य प्रदान गर्ने बाली विविधतामा कृषकको भूमिका र अधिकार पहिचान गर्ने, (ख) कृषक, बाली प्रजनक र कृषि वैज्ञानिक माझ वानस्पतिक आनुवंशिक स्रोतहरूको पहुँच दिनका लागि बहुपक्षीय प्रणालीको स्थापना गर्ने, र (ग) वानस्पतिक आनुवंशिक स्रोतबाट प्राप्त लाभको बाँडफाँड सुनिश्चित गर्ने रहेको छ । यस सन्धिले कृषकको अधिकारसँग सम्बन्धीत धेरै कुराहरू उठाउनाका साथै कृषि आनुवंशिक स्रोतहरूमा पहुँचका लागि सहज परिस्थिति सृजना गरेको छ ।

विक्रम संवत् २०६४ मा नेपालले पनि यस सन्धिमा आफ्नो स्वीकृति जनाई पक्षधर राष्ट्र भएको छ । तर यो नयाँ विषयकै रूपमा रहेकाले कृषकको स्तर र धेरै नेपाली जनसमुदायमा यसको जानकारी पुगिसकेको अवस्था भने छैन । अल्पकालीन रूपमा यसबाट कृषकले कुनै फाइदा नदेखे पनि दीर्घकालीन रूपमा यसको प्रत्यक्ष लाभ हुने देखिन्छ । विशेष गरी नेपालका कृषिविज्ञ र कृषकलाई यसबाट अपेक्षीत लाभ पुग्ने देखिन्छ किनकी नेपाल मुख्य खाद्यबालीको आनुवंशिक स्रोतहरूका लागि ९५ देखि १०० प्रतिशतसम्म अन्य मुलुकहरूसँग परनिर्भर रहेको छ । त्यसैले यदि हालका लागि मात्र सोचेर यस सन्धिबाट अलग रहन खोज्ने हो भने भविष्यमा नेपाल र नेपाली कृषकहरूलाई कृषक अधिकार र कृषि जैविक विविधताको पहुँचमा समस्या आउन सक्छ । नेपालले उक्त सन्धिबाट बढी भन्दा बढी फाइदा लिने रणनीति अपनाउनुपर्दछ । उक्त सन्धिलाई प्रभावकारी तरिकाले



कृषक, कृषिविज्ञ र बाली प्रजनक विच वानस्पतिक आनुवंशिक स्रोतहरूको सहज पहुँचका लागि वहुपक्षीय प्रणालीको स्थापना गरिएको छ ।

कार्यान्वयन गर्न ली–बर्ड, राष्ट्रिय जीनबैंक र कृषि मन्त्रालयले संयुक्त रूपमा GRPI-II परियोजना सञ्चालन गरी बिशेष केही बालीहरू पहिचान गरेको छ । फलस्वरूप देशभित्र तथा देशबाहिर (जीनपुल) भएका खाद्य तथा कृषिका लागि वानस्पतिक आनुवंशिक स्रोतहरूको उपलब्धता हेरीकन ३२ वटा खाद्यबाली र ८ वटा घाँसेबालीलाई यस सन्धिमा नेपालका तर्फबाट समाबेश गरिनुपर्छ भनेर पनि सिफारिस गरिएको छ । यो निरन्तर चलिरहने कार्यक्रम भएकाले आगामी वर्षहरूमा अझै बढाउँदै लैजाने लक्ष्य राखिएको छ । विशेषतः छानिएका बालीहरू पहिल्यै वितरणमा आइसकेका CGIAR (Consultative Group on International Agricultural Research) केन्द्रहरूमा भएका र बाहिरबाट प्राप्त सामग्रीहरू तथा विश्व खाद्य सुरक्षामा सहयोग पुर्याउनेलाई समावेश गरिने कुरामा सहमति भइसकेको छ ।

यही अन्तर्राष्ट्रिय सन्धिमा समावेश गरिएका बहुपक्षीय पद्धति र यसको क्षेत्राधिकार, कृषक अधिकार र सहज पहुँच तथा लाभको बाँडफाँड के हो र यससँग सम्बन्धीत अन्य प्रावधानहरू के–कस्ता छन् भन्ने जानकारी कृषकस्तर सम्म पुर्याउने जमर्कोका साथ छोटकरीमा यहाँ प्रस्तुत गरिएको छ । यहाँ उल्लिखित बुँदाहरू खाद्य तथा कृषि सङगठनले प्रकाशित गरेको खाद्य तथा कृषिका लागि वानस्पतिक आनुवंशिक स्रोतसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिबाट साभार गरिएका हुन् ।

**बहुपक्षीय पद्धतिः** बहुपक्षीय पद्धति तथा यसको पहुँच भन्नाले खाद्य तथा कृषिका लागि वानस्पतिक आनुवंशिक स्रोतसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिले व्यवस्था गरेअनुरूप खाद्य, कृषि तथा मानवकल्याण र हितका निमित्त सदुपयोग




**पक्षधर राष्ट्रहरू बिच बहुपक्षीय पद्धतिमार्फत आनुवांशिक स्रोतहरूमा पहुँच हुने व्यवस्था गरिएको छ ।**

गर्ने उद्देश्यले कृषि तथा खाद्य सुरक्षाका क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ–संस्था तथा निकायले पहुँच र उपयोग गर्न सक्ने गरी मिलाइएको वानस्पतिक आनुवंशिक स्रोतको व्यवस्थापन सम्झनुपर्दछ । विशेषतः आ–आफ्नो राष्ट्रको खाद्य तथा कृषिका लागि वानस्पतिक आनुवंशिक स्रोतमाथिको सार्वभौम अधिकार तथा स्रोतहरू माथिको पहुँच निर्धारण गर्ने अधिकार हरेक राष्ट्रिय सरकारमा हुन्छ । सार्वभौम अधिकार प्रयोगका साथै पक्षधर राष्ट्रहरूले बहुपक्षीय पद्धतीमार्फत उक्त स्रोतहरूमा पहुँचको व्यवस्था गरिएको छ । यसका माध्यमबाट खाद्य तथा कृषिका लागि वानस्पतिक आनुवंशिक स्रोतमा सहज, प्रभावकारी र पारदर्शी ढङ्गले पहुँच पुर्याउने साथै त्यसको सदुपयोगबाट हुने लाभको निष्पक्ष तवरले बाँडफाँडका लागि प्रत्येक राष्ट्रद्वरा एकअर्कालाई सहयोग पुर्याउनेछन् ।

**बहुपक्षीय पद्धतिको क्षेत्राधिकारः** सन्धिको मापदण्ड अनुसार छनौट भएका ३५ वटा खाद्य बाली र २८ वटा घाँसे (जसलाई अनुसूची १ भनिन्छ ।) बालीका विविधतालाई बहुपक्षीय पद्धतिले समेटेको छ । खाद्य तथा कृषिका लागि वानस्पतिक आनुवंशिक स्रोत संरक्षकहरूलाई खाद्य तथा कृषिका लागि वानस्पतिक आनुवंशिक स्रोतलाई जति सक्दो बढी संलग्न गर्न बहुपक्षीय पद्धतिले आमन्त्रण गर्दछन् । सन्धिको सूचीमा परेका वानस्पतिक आनुवंशिक स्रोतलाई बहुपक्षीय पद्धतिमा समावेश गर्न तथा आ–आफ्नो क्षेत्राधिकारभित्रका प्राकृतिक र कानुनी व्यक्तिहरूलाई उत्साहित गर्न सबै पक्षधर राष्ट्रहरू सहमत भएका छन् । बहुपक्षीय पद्धतिमा अन्तर्राष्ट्रिय कृषि अनुसन्धानका लागि सल्लाहकारका रूपमा अन्तर्राष्ट्रिय कृषि अनुसन्धान केन्द्रहरू र परस्थानीय संरक्षण विधिद्वारा संरक्षित आनुवंशिक स्रोतका संकलनहरू जस्ता समूहहरू पर्दछन् ।



वानस्पतिक आनुवंशिक स्रोतहरूको दिगो संरक्षणका लागि बहुपक्षीय पद्धतिमा खाद्य तथा घाँसे बाली समावेश गरिएको छ ।

**कृषि जैविक विविधतामा कृषकको अधिकारः** खेतबाट उत्पादित तथा प्रसार (आदानप्रदान) का माध्यमबाट आएका बीउ जोगाउने, उपयोग गर्ने, आदानप्रदान गर्ने साथै जोगाइराखेका बीउलाई बिक्री गर्न पाउने अधिकार खाद्य तथा कृषिका लागि वानस्पतिक आनुवंशिक स्रोतको उपयोगबाट प्राप्त हुने लाभको बाँडफाँडमा सहभागी भई निर्णय समेत गर्न पाउने अधिकार कृषकमा रहने कुरा कृषकको अधिकार प्रवर्धनका लागि आवश्यक बुँदाहरू भएको राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा सदैव चर्चापरिचर्चामा आउने गरेको छ । कृषकको भूमिकालाई आत्मसात गर्दै यस सन्धिले पहिलो पटक कृषक अधिकारको विषयवस्तुलाई अन्तर्राष्ट्रिय स्तरमा अगाडि बढाएको पाइन्छ । सन्धिमा उल्लिखित कृषक भन्नाले आनुवंशिक पदार्थ र स्रोत तथा परम्परागत ज्ञानको पहिचान, संरक्षण, संवर्धन, विकास र उपयोग गर्ने व्यक्ति वा तिनको समुदायलाई सम्झनुपर्दछ । यस सन्धिले समेटेको कृषकहरूको अधिकारका मुख्य मुख्य प्रावधानहरूलाई तल प्रस्तुत गरिएको छ ः

खाद्य तथा कृषिका लागि वानस्पतिक आनुवंशिक स्रोतको उत्पत्ति स्थान र विविधता क्षेत्रका कृषक लगायत विश्वका हरेक क्षेत्रका कृषक जसले स्रोतहरूको संरक्षण र विकासमा अति धेरै योगदान पुर्याएका छन् साथै भविष्यमा पनि निरन्तरता दिंदै जान्छन्, उनीहरूलाई नै विश्वव्यापी रूपमा खाद्य तथा कृषि उत्पादनको मुख्य आधारका रूपमा हेरिनेछ, जसलाई पक्षधर राष्ट्रहरूले मान्यता दिनेछन् । कृषकको अधिकार सुनिश्चित गर्ने मुख्य जिम्मेवारी (दायित्व) पक्षधर राष्ट्रहरू हुनेछ । कृषक अधिकारमा मुख्य गरी परम्परागत ज्ञानको संरक्षण गर्ने अधिकार, उपयोगबाट प्राप्त हुने लाभको बाँडफाँडमा समन्यायिक सहभागिताको अधिकार र राष्ट्रिय स्तरमा खाद्य तथा कृषिका लागि वानस्पतिक आनुवंशिक स्रोतको संरक्षण र दिगो प्रयोगसम्बन्धी नीति बनाउने प्रक्रियामा



कृषि जैविक विविधताको आदानप्रदान तथा बिक्री वितरण गर्न पाउनु कृषकहरूको अधिकार हो ।

सहभागी हुन पाउने अधिकार पर्दछन् । कृषकको उत्पादन पश्चात् बीउ जोगाउने, उपयोग गर्ने, साटासाट गर्ने तथा जोगाइएका बीउ बिक्री गर्न पाउने अधिकारलाई सीमित गर्ने तर्फ व्याख्या गरिनेछैन ।

**सहज पहुँचः** सहज पहुँच भन्नाले आनुवंशिक पदार्थ वा स्रोत वा परम्परागत ज्ञानको धनीबाट अन्य कसैले उपयोगका लागि गरेको सङ्कलन, प्राप्ति वा ग्रहणलाई सम्झनुपर्दछ । बहुपक्षीय पद्धतिभित्र खाद्य तथा कृषिका लागि वानस्पतिक आनुवंशिक स्रोतमा सहज पहुँचका लागि हरेक पक्षधर राष्ट्रले स्वीकृति दिनुपर्दछ । बहुपक्षीय पद्धतिमा अन्तर्राष्ट्रिय कृषि अनुसन्धानका लागि सल्लाहकारहरूलाई समेत पहुँच प्रदान गर्न सकिन्छ । सन्धिमा उल्लेख भएअनुसार त्यस्ता पहुँचहरूलाई निम्नलिखित अवस्थामा मात्र उपलब्ध गराउन सकिन्छ ।

(क) रासायनिक विषादी वा अन्य अखाद्य उद्योगलाई समावेश नगरीकन खाद्य तथा कृषिको अध्ययन, प्रजनन र तालिमका लागि उपयोग र संरक्षण गर्नेलाई पहुँच प्रदान गरिनेछ ।

(ख) सकभर पहुँच निःशुल्क प्रदान गर्ने र लिनै पर्ने भए न्यूनतम शुल्क लिनुपर्नेछ ।

(ग) सार्वजनिक सूचनाहरू मार्फत उपलब्ध भएका खाद्य तथा कृषिका लागि वानस्पतिक आनुवंशिक स्रोत सङकलन सम्बन्धी तथ्याङ्क उपलब्ध गराउनुपर्दछ ।

(घ) प्रापकले सीमाभन्दा बाहिरको अधिकार वा बौद्धिक सम्पत्ति वा तिनीहरूका आनुवंशिक अङ्ग वा अन्य भागको दाबी गर्ने छैन ।

(ङ) कृषकले विकास गरिरहेका सामाग्रीहरू विकास गर्दाको बखतको विकासकर्ताको विवेकमा भर पर्नेछ ।



खाद्य तथा कृषि वानस्पतिक आनुवंशिक स्रोतहरूमा सहज पहुँचका लागि पक्षधर राष्ट्रहरूले स्वीकृति दिनुपर्दछ ।

(च) बौद्धिक तथा अधिकारले सुरक्षित खाद्य तथा कृषिका लागि वानस्पतिक आनुवंशिक स्रोतमाथिको पहुँच अन्तर्राष्ट्रिय सम्झौता र राष्ट्रिय कानुनसँग मेल खाने हुनुपर्दछ ।

(छ) बहुपक्षीय पद्धतिमा पहुँच पुर्याइएका र संरक्षण गरिएका खाद्य तथा कृषिका लागि वानस्पतिक आनुवंशिक स्रोत बहुपक्षीय पद्धतिलाई उपलब्ध गराउन निरन्तरता दिनुपर्दछ ।

(ज) खाद्य तथा कृषिका लागि वानस्पतिक आनुवंशिक स्रोतको पहुँच राष्ट्रिय कानुन वा सन्धिको संस्थापन पक्षले तोकेको मापदण्ड अनुसार हुनेछ ।

**लाभको बाँडफाँडः** लाभको बाँडफाँड भन्नाले आनुवंशिक पदार्थ, स्रोत वा परम्परागत ज्ञानको पहुँचबाट सृजित मौद्रिक वा गैरमौद्रिक फाइदामा पहुँच, दिने र लिनेबीच भएको सम्झौता बमोजिम हुने बाँडफाँडलाई सम्झनुपर्दछ । पक्षधर राष्ट्रहरूले सहज पहुँचबाट प्राप्त गरेको आनुवंशिक स्रोतको उपयोग तथा व्यवसायबाट प्राप्त गरेको लाभ बहुपक्षीय पद्धति अनुरूप स्वच्छ र समन्यायिक किसिमले सन्धिमा उल्लेख भए बमोजिम गर्नुपर्दछ । विशेषताः लाभको बाँडफाँड गर्दा पक्षधर राष्ट्रहरूले निष्पक्ष र समान रूपमा निम्न कुराहरूलाई ध्यानमा राख्नपर्दछ ।

संस्थापन पक्षको मार्गदर्शन अनुसार सूचनाको आदानप्रदान ः पक्षधर राष्ट्रहरूले उपलब्ध गराएको लिस्ट तथा सुचीलाई समेट्ने, प्रविधिसम्बन्धी जानकारी गराउने, बहुपक्षीय पद्धति अन्तर्गतको खाद्य तथा कृषिका लागि वानस्पतिक आनुवंशिक स्रोतसम्बन्धी लक्षण चित्रण, मूल्याङ्कन, उपयोगितालगायत प्राविधिक, वैज्ञानिक र आर्थिक



**आनुवंशिक स्रोतको संरक्षण बापत लाभको बाँडफाँड ।**

सामाजिक अध्ययनको नतिजा उपलब्ध गराउने जस्ता बुँदामा सहमत हुनेछन् । गोप्य नभएका सूचनाहरू पक्षधर राष्ट्रको कानुन बमोजिम र राष्ट्रिय क्षमताको आधारमा उपलब्ध गराइने वा सूचना आदानप्रदान गरिनेछ ।

**प्रविधिमाथि पहुँच र हस्तान्तरणः** आनुवंशिक स्रोतका माध्यमबाट मात्र हस्तान्तरण गर्न सकिने प्रविधि जस्तै, संरक्षणमा प्रयोग हुने प्रविधि तथा आनुवंशिक चित्रमाथि सहज पहुँच उपलब्ध गराउने काम पक्षधर राष्ट्रहरूको रहनेछ । बहुपक्षीय पद्धतिअन्तर्गतको खाद्य तथा कृषिका लागि वानस्पतिक आनुवंशिक स्रोतको प्रयोगबाट विकसित आनुवंशिक स्रोत र सुधारिएका जातहरूमा सहज पहुँचको व्यवस्था गराइनेछ । विकासशील र आर्थिक संङक्रमणकालमा रहेका राष्ट्रहरूमा प्रविधिको पहुँच र हस्तान्तरण एक उपायको रूपमा हेरिनेछ । विकासशील राष्ट्रहरूमा कृषकका हितमा भएका प्रविधि र आर्थिक सङक्रमणकालीन राष्ट्रहरूमा छुट वा अग्राधिकार सर्तहरूमा अनुसन्धान र विकास बहुपक्षीय पद्धतिअन्तर्गत आपसी सहमतिमा गरिनेछ ।

**क्षमता अभिवृद्धिः** विकासशील र आर्थिक सङक्रमणकालमा रहेका राष्ट्रहरूको आवश्यकतालाई मध्यनजर गर्दै खाद्य तथा कृषिका लागि वानस्पतिक आनुवंशिक स्रोतको दिगो प्रयोग र संरक्षणमा वैज्ञानिक र प्राविधिक शिक्षा तथा तालिमसम्बन्धी कार्यक्रम व्यवस्थित गर्ने, संरचना मिलाउने साथै वैज्ञानिक अनुसन्धान सम्भव भएसम्म तिनै राष्ट्रहरूको संयोजकत्वमा गर्ने र ती क्षेत्रमा अनुसन्धानका लागि क्षमता विकास तथा सबल बनाउने कुरालाई प्राथमिकता दिनेछन् ।

व्यापारीकरणको मौद्रिक र अन्य लाभको बाँडफाँडः पहिचान भएका निजी तथा सामुदायिक क्षेत्रका गतिविधिहरूमा संलग्न भई साझेदारी र सहयोग लिने तथा विकासशील र आर्थिक सङक्रमणकालमा रहेका राष्ट्रहरूमा अनुसन्धान



**स्थापन पक्षको मार्गदर्शन अनुसार सूचनाको आदानप्रदान मार्फत भएको फाइदा ।**

र प्रविधि विकासमा आर्थिक लाभको बाँडफाँड लिने उपायहरू अवलम्बन गर्न बहुपक्षीय पद्धतिमा सबै पक्षधर राष्ट्रहरू सहमत हुनेछन् ।

भुक्तानीको स्तर फाराम र यसलाई भर्ने तरिकाको निर्धारण संस्थापन पक्षले आर्थिक अभ्यासका आधारमा गर्नेछ । प्रापकको प्रकारका आधारमा भुक्तानीका विभिन्न तह निर्धारण गर्ने काम पनि संस्थापन पक्षले नै गर्दछ । विकासशील र आर्थिक सङक्रमणकालिन राष्ट्रहरूमा भुक्तानीबाट छुट दिने वा नदिने विषयमा निर्णय गर्दा लाभको निष्पक्ष र समान रूपमा बाँडफाँडका लागि समय–समयमा  भुक्तानीको स्तरको पुनर्विचार संस्थापन पक्षले नै गर्नेछ साथै व्यापारीकरण गरिएको उत्पादन अनुसन्धान र प्रजननका लागि बिना रोकथाम उपलब्ध गराएको आधारमा सन्धि लागू भएको पाँच वर्षभित्र अनिवार्य  भुक्तानीको आवश्यकता पर्ने वा नपर्ने निक्र्यौल गर्नेछ ।

विकासशील र आर्थिक सङक्रमणकालीन राष्ट्रका कृषकहरू जसले खाद्य तथा कृषिका लागि वानस्पतिक आनुवंशिक स्रोतको संरक्षण र दिगो सदुपयोग गरेका छन् उनीहरूलाई खाद्य तथा कृषिका लागि वानस्पतिक आनुवंशिक स्रोतको प्रयोगबाट सिर्जित लाभको बहुपक्षीय पद्धतिअन्तर्गत भएको बाँडफाँड प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रवाह गरिनेछ । संस्थापन पक्षले विकासशील र आर्थिक सङक्रमणकालीन राष्ट्रहरूमा खाद्य तथा कृषिका लागि वानस्पतिक आनुवंशिक स्रोतको संरक्षणका लागि उपयुक्त नीति तथा मापदण्डलाई मध्यनजर गर्दछ जसले लगानी रणनीतिको स्थापनामा विशेष सहयोग गर्छ । विकासशील र आर्थिक सङक्रमणकालीन राष्ट्रहरूमा विश्वव्यापी कार्ययोजना पूर्णरूपमा लागू गर्ने सामथ्र्यको पहिचान गर्दछ ।



कृषकहरूले आफ्ना स्थानीय कृषि जैविक विविधताको बिक्री वितरणबाट प्रत्यक्ष फाइदा लिन सक्छन् ।

यस प्रकारले हेर्दा खाद्य तथा कृषिका लागि वानस्पतिक आनुवंशिक स्रोतसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिले कृषकहरूका हकमा कृषक अधिकार, सुलभ पहुँच तथा लाभको बाँडफाँडसम्बन्धी नीति निर्माणमा ठूलो भुमिका निर्वाह गरेको छ । अहिले सम्म १३६ वटा राष्ट्रहरू पक्षधर राष्ट्रका रूपमा सम्मिलित भइसकेका छन् । जसमध्ये २१ राष्ट्रहरूले यस महासन्धिमा हस्ताक्षर मात्र गरेका छन् भने ४६ राष्ट्रहरूले हस्ताक्षर सहित यसलाई अनुमोदन गरेका छन् साथै ६९ राष्ट्रहरूले यसलाई अभिवृद्धि गरेको अवस्था छ । नेपालका तर्फबाट उक्त सन्धिका लागि फोकल व्यक्तिका रूपमा कृषि मन्त्रालय रहेको छ । यसै सन्धिलाई आधार मानेर  लाभको बाँडफाँड कोष पनि खडा गरिएको छ । यस कोषको प्राथमिकतामा प्रत्यक्ष रूपमा बाली विविधताको संरक्षणमा लागिपरेका विकसित राष्ट्रहरूका कृषकहरू पर्दछन । यस कोषको ग्राह्यता बिशेष गरीकन विकसित मुलुकको क्षमता अभिवृद्धि गर्ने साथै सूचना आदानप्रदान तथा बाली विविधताको दिगो विकास र संरक्षणमा उपयुक्त हुने प्रविधि बनाउन प्रोत्साहन गर्ने रहेको छ ।

अतः यस सन्धिका माध्यमबाट विबिध आनुवंशिक स्रोत, वैज्ञानिक प्रविधि, विभिन्न तालिम तथा लाभको बाँडफाँड कोषहरूको सहज पहुँचजस्ता कुराहरूमा बढीभन्दा बढी फाइदा लिनका लागि पक्षधर राष्ट्रहरूसँग एउटा बलियो रणनीति हुनुपर्दछ । यसले राष्ट्रको कृषि उत्पादन, कृषिसँग सम्बन्धीत अनुसन्धान, प्रसारविज्ञ तथा नीति निर्माणकर्तालाई दरिलो टेवा दिन्छ ।



यो पुस्तिका ली–बर्डद्वारा सञ्चालित GRPI-II परियोजना अन्तर्गत, DAADS परियोजनाको आर्थिक सहयोगमा प्रकाशन गरिएको हो । यो पुस्तिका प्रकाशनका क्रममा महत्त्वपूर्ण जानकारी तथा तथ्याङ्कहरू उपलब्ध गराई सहयोग पुर्याउनु हुने कृष्णहरी घिमिरे, (वरिष्ठ प्रजनक, राष्ट्रिय जीन बैंक, नार्क) र देवेन्द्र गौचन (परियोजना व्यवस्थापक, बायोभर्सिटी ईन्टरनेशनल) प्रति हामी आभारी छौं ।

**अनुवादकहरू** शान्ति आले, बालकृष्ण जोशी र दीपक उपाध्याय

**उद्धरणः** आले, शान्ति, बालकृष्ण जोशी र दीपक उपाध्याय, *खाद्य तथा कृषिका लागि वानस्पतिक आनुवंशिक स्रोतसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिमा उल्लेखित बहुपक्षीय पद्धती, कृषक अधिकार र पहुँच तथा लाभको बाँडफाँड* , ली–बर्ड, नेपाल, २०७३ ।

**चित्रहरू** अविन श्रेष्ठ | **डिजाइन** महेश श्रेष्ठ, ली–बर्ड

LI-BIRD

नेपाल कृषि अनुसन्धान परिषद्
NARC

MoAD

Bioversity International

Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra

Embassy of Switzerland in Nepal

For more information:
Local Initiatives for Biodiversity, Research and Development (LI-BIRD)
**P.O. Box** 324, Pokhara, Kaski, Nepal
**Tel** +977-61-535357, 526834 | **Fax** +977-61-539956
**E-mail** info@libird.org | **Web** www.libird.org